## युएसएआईडी सिविल सोसाइटी एण्ड मिडिया (सीएसएम) एक्टिभिटी
## युवा नेतृत्व च्यालेन्ज फण्ड

### आवेदन आह्वान

द एशिया फाउण्डेशन प्रमुख कार्यान्वयनकर्ता रहेको सिविल सोसाइटी एण्ड मिडिया (सीएसएम) एक्टिभिटी अर्थात् नागरिक समाज तथा सञ्चार कार्यक्रम अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी) को सहयोगमा सञ्चालित पाँच वर्षे (सन् २०२२ देखि २०२७ सम्म) परियोजना हो । युएसएआईडी सीएसएमले सार्वजनिक चासो, आधारभूत स्वतन्त्रता तथा जवाफदेहिता प्रवर्धन गर्न महिला, युवा तथा सीमान्तकृत समुदायका व्यक्तिको नेतृत्वमा रहेका र यिनै समूहप्रति लक्षित स्वतन्त्र नागरिक समाज तथा मिडियालाई टेवा दिन्छ । यसका प्राय: कार्यक्रम लुम्बिनी र मधेश प्रदेशमा केन्द्रित रहनेछन् भने केही कार्यक्रम काठमाडौँमा कार्यान्वयन हुनेछन् । सीएसएम अन्तर्गत **युवा नेतृत्व च्यालेन्ज फन्ड**का लागि अवधारणा पत्र पेश गर्न मधेश र लुम्बिनी प्रदेशका योग्य नागरिक समाज संस्थालाई आह्वान गर्दै यो सूचना प्रकाशन गरिएको छ ।

**आवेदन पेश गर्ने अन्तिम मितिः १९ भदौ २०८०**

### युवा नेतृत्व च्यालेन्ज फण्ड

युवा शब्दले कुन उमेर समूहलाई जनाउँछ भन्ने विषयमा सधैं बहस हुने गरेको छ । किनकि, युवाको परिभाषा विभिन्न रुपमा गरिएको पाइन्छ । युएनडीपीले युवालाई १५ देखि २४ वर्षको उमेर समूह भनेर परिभाषित गरेको छ । राष्ट्रिय युवा परिषद् ऐनले भने १६ देखि ४० वर्ष बीचको उमेर समूहलाई युवाको रुपमा परिभाषित गरेको छ र यहि परिभाषालाई नेपालमा युवाको आधिकारिक परिभाषा मानिन्छ । यस परिभाषाको आधारमा नेपालको कुल जनसंख्याको करिब ४० प्रतिशत युवा रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश र लुम्बिनी प्रदेशमा युवाको जनसंख्या क्रमशः ४०.८ र ४०.६५ प्रतिशत रहेको छ ।

नेपाली युवाले विभिन्न समयमा विभिन्न खालका नागरिक आन्दोलनमा भाग लिँदै आएका छन् ।वि.स. २०६० को दशकमा नेपालमा युवाको नेतृत्व र पहलमा विभिन्न अभियान र पैरवी भए । वि.स. २०७२ यताको समयमा भने युवा-नेतृत्वका अभियानमा सुस्तता आएको देखिन्छ । राजनीतिक हस्तक्षेप र अस्थिरता, विदेश पलायन र युवा-लक्षित सहयोग प्रणालीको कमी यसका मुख्य कारण रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशबाट लगभग ४ प्रतिशत र लुम्बिनी प्रदेशबाट लगभग ४.४ प्रतिशत युवा विदेशीयका छन् । मधेश र लुम्बिनी प्रदेशको सन्दर्भमा युवाहरुले लागुऔषध दुर्व्यसन, बेरोजगारी, लैंगिक असमानता, जातीय विभेद जस्ता चुनौती सामना गरिरहेका छन् । यस्ता चुनौती विरुद्ध लड्ने खाले अवसर र सहयोगबाट समेत युवाहरू वञ्चित छन् ।

युवाहरू सामाजिक समस्या सम्बोधनका लागि दबाब सिर्जना गर्ने, सकारात्मक परिवर्तनको अगुवाइ गर्ने, जवाफदेहिताको माग गर्ने र लोकतान्त्रिक शासनको पक्षमा सामूहिक आवाज उठाउने महत्वपूर्ण शक्ति हुन् । युवाका यी पहल र आगुवाइको कमी हुँदा यसले लोकतान्त्रिक प्रक्रियामा बाधा पुर्‍याउँछ । युवाहरूको  उर्जा, सिर्जनशीलता र जोशलाई रचनात्मक दिशातर्फ डोर्‍याउन युवा नेतृत्वको नागरिक अभियान आवश्यक छ ।

यस सन्दर्भमा, युवा नेतृत्व च्यालेन्ज फण्डले मधेश र लुम्बिनीमा युवा नागरिक अगुवाहरुको सिर्जना र विकास गर्दै उनीहरूका माध्यमबाट महिला, युवा र सीमान्तकृत समुदायको हित प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । यसका लागि विभिन्न माध्यममा युवाको संलग्नता बृद्धि गर्दै र नयाँ पुस्ताका युवा नागरिक अगुवालाई तालिम दिने, समावेशी र सक्रिय नागरिक स्पेस्को स्थापना गर्न र युवामा लोकतान्त्रिक मूल्य र मान्यता स्थापित गर्न खोज्नेछ । यस च्यालेन्ज फण्डले नयाँ पुस्तालाई नागरिक पैरवीका बारेमा जानकारी गराउँदै, स्थानीय स्तरमा नागरिक पैरवीको नयाँ लहर सिर्जना गर्ने र अन्तरसम्बन्धित समूहका युवा नागरिक अगुवालाई प्राथमिकता दिनेछ । युवा नागरिक अगुवाहरूले सम्बन्धित सरोकारवालाहरू सँग सहकार्य गरेर सामाजिक र विकासका मुद्दाहरुलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ ।

**१. च्यालेन्ज फण्डका उद्देश्यहरु**

- लोकतान्त्रिक शासन र निर्णय प्रक्रियामा सक्रिय सहभागिता जनाउन सक्षम युवा नागरिक अगुवाको नयाँ पुस्ता विकास गर्ने ।
- मधेश र लुम्बिनी प्रदेशमा युवा नेतृत्वको पहल मार्फत् सामाजिक परिवर्तन, सामुदायिक विकास र सार्वजनिक हितलाई अगाडि बढाउने ।
- मधेश र लुम्बिनी प्रदेशका युवाहरुको क्षमता अभिवृद्धि गर्दै स्थानीय स्तरमा नागरिकहरू भेला हुने अवसर सिर्जना गर्ने र सार्वजनिक हित अभिवृद्धि गर्ने ।

**<u>युवा नेतृत्व च्यालेन्ज फण्डको विषय क्षेत्र</u>**

यस च्यालेन्ज फण्डका तीन उद्देश्य मध्ये कुनै एकसँग सान्दर्भिक विषय क्षेत्रलाई  प्राथमिकता दिएर काम गर्न सकिनेछ । उदाहरणका लागि केही विषयवस्तु तल दिइएका छन् ।

- महिला, युवा तथा सीमान्तकृत समुदायका लागि बनाइने नीतिमा युवाको सहजिकरण
- महिला, युवा तथा सीमान्तकृत समुदायका सवालमा युवा संजाल
- स्थानीय सरकारमा युवा

